Accountability Watch Committee (AWC)
जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ति

## सामाजिक सञ्जाल टिकटक बन्द गर्ने सरकारको निर्णयप्रति जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण

**२०८० मंसिर ४**

सामाजिक सञ्जाल 'टिकटक' का कारण सामाजिक सद्भाव बिथोलिने गतिविधि बढिरहेको निष्कर्ष निकाल्दै गत सोमवार नेपालभित्र यसमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयप्रति जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण भएको छ ।

सरकारको निर्णय पालना गर्दै मंगलवारबाट इन्टरनेट सेवा प्रदायकहरूले नेपालमा टिकटक नखुल्ने बनाएका छन् । कतिपय सेवाप्रदायकले सरकारी निर्णयलाई पालना नगरेको भन्दै नेपाल दूरसञ्चार प्राधिकरणले कारबाही गर्ने चेतावनी दिएको विषयलाई निगरानी समितिले गम्भीर रूपमा लिएको छ ।

टिकटक लगायतका सामाजिक सञ्जालले सबै उमेरका मानिस, विशेषगरी युवा, को प्रतिभा प्रस्फुटनको अवसर दिएको र स्टार्टअप व्यवसायीहरूलाई आफ्नो वस्तु एवं सेवाको प्रचार गर्ने मञ्च प्रदान गरेको तथ्यलाई बेवास्ता गर्दै सरकारले यो निर्णय लिएको निगरानी समितिको निष्कर्ष छ । नागरिक समाज, कानूनविद् र अन्य सरोकारवालासँग कुनै परामर्श नै नगरी स्वेच्छाचारी रूपमा सरकारले यो निर्णय लिएको हो ।

टिकटकका कारण सामाजिक सद्भाव बिथोलिने निष्कर्ष सरकारले कुन आधारमा निकालेको हो भनी स्पष्ट रूपमा खुलाएको छैन । सामाजिक सञ्जालमा राखिने सामग्रीको नियमन गराउनका लागि सेवाप्रदायक कम्पनीसँग समन्वय गर्ने विकल्प हुँदाहुँदै सामाजिक सञ्जालमाथि नै पूर्ण प्रतिबन्ध लगाएर सरकारले लोकतन्त्रको मर्ममा आघात गरेको निगरानी समितिको ठहर छ ।

लोकतन्त्रको आधारशिलाका रूपमा रहेको अभिव्यक्ति स्वतन्त्रतालाई सरकारको यो निर्णयले कुठाराघात गरेको छ । नेपालको संविधानको धारा १७(२)(क), विश्वव्यापी मानवअधिकार घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेकोमा सरकारले सामाजिक सञ्जालमाथिको प्रतिबन्धमार्फत नागरिकको अधिकार हनन गरेको निगरानी समितिको धारणा छ ।

नेपालमा सामाजिक सञ्जाल बन्द गराउने कुनै पनि कानूनी आधार नरहेको तथ्यलाई विचार गर्दै तत्काल यो निर्णय फिर्ता लिन र बृहत् छलफलमार्फत सामाजिक सञ्जालको उचित प्रयोगसम्बन्धी नियमनमा ध्यान केन्द्रित गर्न निगरानी समिति सरकारलाई आग्रह गर्दछ ।

जवाफदेहिता निगरानी समितिका तर्फबाट

कपिल श्रेष्ठ, कार्यवाहक संयोजक

सम्पर्क : विकास बस्नेत ९८५११६९८२२